**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

**२०७९/०८० सालको निर्णय नं. १९७**

**पुनरावेदन नं. ०७९-RB-०११०**

**दर्ता मितिः २०७९।१०।०६**

**मुद्दाः– सुन भन्सार चोरी पैठारी ।**

| | |
|---|---|
| जिल्ला सिन्धुपाल्चोक भोटेकोसी गाउँपालिका वडा नं.१ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाडौं थुनामा रहेका वर्ष २४ को सोमबहादुर वि.क......................१<br>जिल्ला सिन्धुपाल्चोक भोटेकोसी गाउँपालिका वडा नं.५ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा थुनामा रहेको वर्ष ३० को धनबहादुर वि.क....................१ | पुनरावेदक<br>प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्मा समेतको जाहेरी प्रतिबेदनले नेपाल सरकार.............................................१ | प्रत्यर्थी<br>वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार प्रशासक श्री अरुण पोखरेल

शुरु कार्यालयको निर्णय मितिः–२०७९।०८।१६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रविन्द्र भट्टराई

प्रत्यर्थीहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्वित नजीरः ×**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाणडौको मिति २०७९।०८।१६ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. मिति २०७९।०४।२९ गते अन्दाजी १६:०० वजे फ्लाई दुबईको उडान नं. FZ539 द्वारा दुबईबाट काठमाडौं आगमन भएका जिल्ला सिन्धुपाल्चोक भोटेकोशी गा.पा.वडा नं.१ स्थायी वतन भएका वर्ष २४ को सोम बहादुर वि.क.को गतिविधि संकास्पद देखिएकोले निजलाई यस त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको आगमन टनेल गेट ( welcome Gate) बाट नियन्त्रणमा लिई चेकजाँच गर्दा निजले लगाई आएको खैरो रंगको कटनको पाईन्ट र कालो-खैरो छिर्के भित्री वस्त्र (underwear) को प्रारम्भिक चेकजाँच गर्दा कपडाको तौल अस्वभाविक देखिएको हुँदा शंका लागि पुन x-ray मेसिनमा चेकजाँच गर्दा x-ray मा image समेत अन्य कपडाको भन्दा फरक किसिमको तथा शंकास्पद देखिएको र उक्त कपडाको अन्दाजी तौल १००० ग्राम (एक हजार ग्राम) रहेको अवस्थामा फेला परेको भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयले मिति २०७९।०४।२९ गते तयार पारेको खानतलासी तथा बरामदी मुचुल्का।

२. प्रतिवादी सोमबहादुर वि.क. लाई दुबईबाट नेपाल आउँदा त्रिभुवन विमानस्थलमा निजको गतिविधि संकास्पद लागि सोधपुछ र चेकजाँच गर्दा निजले लगाई आएको कपडा सुन सहितको कपडा हो र सो कपडा लिनको लागि धन बहादुर वि.क. नाम गरेको व्यक्ति आउने भनि खुलाए पश्चात जिल्ला सिन्धुपाल्चोक भोटेकोशी गा.पा.वडा नं.५ स्थायी वतन भएका वर्ष ३० को धन बहादुर बि.क.लाई नियन्त्रणमा लिई निजलाई समेत सोधपुछ गर्दा निजले उक्त सुन सहितको कपडा लैजानको लागि म आएको हुँ भनी खुलाएको हुँदा पक्राउ गरी बरामद कपडा सहित निजहरुलाई मिति २०७९।०४।२९ गते आवश्यक कारवाहीको लागि खानतलासी तथा बरामदी मुचुल्का, र मानिस सहित त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाडौंबाट खटिएका प्र.ना.म.नि.श्यामलाल ज्ञवाली समेतले त्रिभुवन विमानस्थल भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासक समक्ष पेश गरेको मिति २०७९।०४।२९ को प्रतिबेदन।

३. म धनबहादुर वि.क.लाई मिति २०७९।०४।२९ गते विदेशबाट आएको मानिसलाई रिसिभ गर्न जाने क्रममा नेपाल प्रहरीले सुन संकलन गर्न गएको भनी पक्राउ गरेको हो। म बोलेरो गाडी चलाउने काम गर्दथे र सो क्रममा दावा शेर्पा मेरो गाडिमा कहिलेकाँही चढ्ने गर्नुहुन्थ्यो र चिनजान भएको हो र अर्का प्रतिवादी सोम बहादुर वि.क.सँग मेरो सामान्य चिनजान थियो। निज प्रतिवादी सोमबहादुर वि.क. र मेरो घर भोटेकोशी नदी वारी पारी जस्तो पर्छ। कुनै चाडपर्व, मर्दा पर्दा हामी बिचमा जाने आउने चलिरहन्थ्यो। निज दावा शेर्पाको घर पनि सिन्धुपाल्चोक नै हो भन्नुभएको थियो तर कुन ठाउँ भन्ने मलाई थाहा छैन। निज दावासँग मेरो फेसबुक म्यासेन्जरमा कुराकानी हुन्थ्यो तर सम्पर्क नम्बर मलाई थाहा छैन। मिति २०७९।०४।२९ गतेको दिन सिन्धुपाल्चोक घर बताउने दावा शेर्पाले मेरो एकजना मानिसले सामान लिएर आउँदै छ उ आएको प्लेन ल्याण्ड हुन लाग्यो तिमि एयरपोर्ट जाउ भनेर पठाउनु भएको थियो सोही बमोजिम म एयरपोर्ट गएको थिएँ। मलाई सामान लिएर आउने मानिसको नम्बर ९८६५१९८२२३ हो भन्नुभएको थियो तर नाम भन्नुभएको थिएन। सामान के हो भन्दा निज दावा दाईले ट्रायलको लागि थोरै सुन लिएर आउँदै छ तर के कति परिमाणमा ल्याउँदै छ को मान्छेले ल्याउँदै छ भनेर जानकारीमा थिएन। म एयरपोर्टको यात्रु आगमन तर्फ रहेको ट्याक्सी पार्किङ एरियामा निजलाई पर्खेर बसिरहेको समयमा दावा शेर्पाले म्यासेन्जरमा फोन गरी निज मानिसलाई फोन गर भन्नुभयो र फोन गर्दा निज मानिसको आत्तिएको आवाज सुनेर फेरी दावा शेर्पालाई फोन गरी आत्तिएको कुरा बताएँ र निज दावा शेर्पाले सामान लिएर भाग्ला भन्नुभयो र फेरी निज मानिसलाई फोन गरी सो मानिस भएको ठाउँमा पुग्दा त्यही ठाउँबाट प्रहरीले सुन संकलन गर्न आएको भनी पक्राउ गरेको हो। निज मानिसले सुन ल्याउँदै छ भन्ने थाहा थियो तर निजले लगाएकै कपडामा सुन लेपन गरीएको भन्ने बारे थाहा थिएन भन्ने समेत व्यहोराको प्रतिवादी धनबहादुर वि.क.ले अनुसन्धान अधिकृत अम्बिका प्रसाद खनाल समक्ष मिति २०७९।५।०८ मा गरेको बयान।

४. म सोमबहादुर वि.क.लाई भिजिट भिसामा दुबई गएर ४ दिन बसेर फर्किएको समयमा प्रहरीले सुन पेष्ट गरेको कपडा लगाएर आएको भनी पक्राउ गरेको हो। मलाई सिन्धुपाल्चोक नै घर भनी बताउने दावा शेर्पाले नै भिजिट भिसामा दुबई पठाएका हुन। म दुबई पुगिसकेपछी एउटा रुममा मोबाईल चलाउँदै बसेर ३ दिन कटाए र चौथो दिन एक भारतीय एजेन्ट आएर तिम्रो भिषा नलाग्ने भयो यो कपडा लगाएर नेपाल फर्क भनी नेपालको टिकट दिए। निजले दिएको कपडामा खैरो रंगको कटनको पाईन्ट र कालो खैरो छिर्के रंगको भित्री वस्त्र लगाउँदा तौल बढी जस्तो लागेर सोध्दा केही होईन यो नयाँ

खालको कपडा हो भनेको थियो। नेपाल आएपश्चात उक्त कपडामा सुन रहेको कुरा मलाई जानकारी भएको थियो। दावा शेर्पालाई मैले पासपोर्ट लिने समयमा मात्र चिनेको हुँ। निजको अन्य विवरण मलाई थाहा छैन। दुबईमा सुन लेपन गरेको कपडा लगाएर पठाउने इण्डियनको नाम लगायतको अन्य विवरण पनि मलाई थाहा छैन। नेपालमा आउने यात्रुले एक सय ग्राम सम्मको सुन ल्याउँदा भन्सारमा घोषणा गरेर लाग्ने महसुल तिरेर मात्र ल्याउन पाउने भन्ने कुराको जानकारी थिएन। मैले यो भन्दा अगाडी यसरी सुन तथा सुनका मालवस्तु ल्याउने कार्य गरेको छैन, पहिलो पटक म विदेशबाट फर्किएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी सोमबहादुर वि.क.ले अनुसन्धान अधिकृत अम्बिका प्रसाद खनाल समक्ष मिति २०७९।०५।१६ मा गरेको बयान।

५. भन्सार ऐन, २०६४ को दफा ८६ बमोजिम भएको आदेशानुसार भन्सार ऐन, २०६४ को दफा ५७ को (१ग) को देहाय (ग) बमोजिम हुन सक्ने अधिकतम तीन महिनाको कैद र बिगो,अपराध पिडित संरक्षण ऐन, २०७५ बमोजिम हुने जरिवाना गरी जम्मा रु.३५,३४,७३०।—(अक्षरुपी पैतिस लाख चौतिस हजार सात सय तीस मात्र) भन्सार ऐन, २०६४ को दफा ६०ख. को उपदफा (२) बमोजिम निज प्रतिवादी सँग नगद धरौटी माग गर्नु प्रतिवादीहरुले धरौटी दाखिला गरे प्रतिवादीहरुलाई धरौटी तारेखमा छोडीदिनु, माग बमोजिमको धरौटी रकम दाखिला गर्न नसके मुद्दा हेर्ने अधिकारीको अनुमती लिई निज प्रतिवादीहरु कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौमा थुनामा राखु पठाउनु भन्ने अनुसन्धान अधिकारीको मिति २०७९।०५।१६ को आदेशले प्रतिवादीहरु थुनामा रहेको।

६. नेपाल सरकारले तोकेको परिणाममा भन्सारमा घोषणा गरी लाग्ने महसुल तिरेर मात्र ल्याउनुपर्ने सुन प्रतिवादी सोमबहादुर वि.क.ले स्वरूप परिवर्तन गराएर आफुले लगाएर आएको कपडामा पेस्टिङ गरी भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम कसूर अपराध गरी ल्याएको पुष्टी भएकोले कपडा जलाई गलान पश्चात कायम हुन आएको खुद सुनको मात्रा ४१८.३१० ग्राम सुनको हुन आउने जम्मा मुल्य रु. ३५,०७,५३०। -लाई विगो कायम गरी सोही ऐनको दफा ५७ को उपदफा (१ग) को देहाय (ख) अनुसार हदैसम्मको कैद सजाय गरी विगो बमोजिम जरिवाना साथै भन्सार नियमावली, २०६४ को नियम ४७ वमोजिम प्रतिवेदकहरूलाई पुरस्कार समेतको मागदावी लिई सोही ऐनको दफा ६०ख. वमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष अभियोजन गर्ने राय माग सहित सक्कल मिसिल आवश्यक निर्णयको मिति २०७९।०५।१७ मा अनुसन्धान अधिकृत

प्रमुख भन्सार अधिकृत अम्बिका प्रसाद खनालले जिल्ला सरकारी कार्यालय काठमाडौंमा पठाएको।

७. यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाण्डौवाट अनुसन्धान कार्य सम्पन्न भई निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई कैद सजाय हुन समेतको मागदावी लिई उल्लिखित प्रतिवादीहरू सोमबहादुर वि.क. र धन बहादुर वि.क. उपर मुद्दा चलाउने गरी निर्णय गरिएको छ। निर्णयानुसार उक्त ऐनको दफा ५७क. वमोजिम सम्बन्धित भन्सार अधिकृत समक्ष अभियोग पत्र दर्ता गर्नु भनी प्रस्तुत निर्णयको प्रतिलिपी सहित कार्यालयमा पठाई दिनु भनी मिति २०७९।०५।२१ मा जिल्ला सरकारी कार्यालय काठमाडौंका जिल्ला न्यायाधिवक्ता राजन हमालबाट गरिएको निर्णय ।

८. यसमा प्रतिवादी सोम बहादुर वि.क.ले नेपाल कानूनले नै व्यक्तिगत रुपमा पैठारीमा परिमाणात्मक प्रतिबन्ध लगाएको मालवस्तु आफुले लगाएको कपडामा पेष्टिङ गरि लुकाई छिपाई भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिमको कसुर अपराध गरि ल्याएको पुष्टी भएकोले निजको साथबाट बरामदीत मालवस्तुको सम्बन्धमा वारदात भएको मिति २०७९।०४।२९ गते नेपाल सुन चाँदी व्यवसायी महासंघको वेबसाइटमा प्रकाशित प्रति ग्राम सुनको बजार मुल्य रु. ८,१९६। –(अक्षरुपी आठ हजार एक सय छयानब्बे मात्र) को दरले नेपाल सुनचाँदी व्यवसायी महासंघबाट खुली आए बमोजिम प्रतिवादीले लगाई आएको सुन पेष्टिङ भएको कपडामा रहेको जम्मा तौल ४१८.३१० (चार सय अठार दशमलव तीनसय दश) ग्राम सुनको हुन आउने जम्मा मुल्य रु. ३५,०७,५३०। -(अक्षरुपी पैतिस लाख सात हजार पाँच सय तीस मात्र) बराबरको सुन चोरी पैठारी गरी यी प्रतिवादीहरु सोम बहादुर वि.क.र धन बहादुर वि.क.ले भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएकोले रु. ३५,०७,५३०। -(अक्षरुपी पैतिस लाख सात हजार पाँच सय तीस मात्र) लाई विगो कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ५७ को उपदफा (१) बमोजिम जरिवाना हुने, बरामदीत उल्लेखित सुन जफत हुने र सोही ऐनको दफा ५७ को उपदफा (१) को खण्ड (ख) बमोजिम निज प्रतिवादीहरुलाई कैद सजाय हुने साथै भन्सार नियमावली, २०६४ को नियम ४७ बमोजिम पुरस्कार समेत मागदावी गरी मिति २०७९।०५।२२ गते पेश भएको अभियोग पत्र।

९. खानतलासी तथा बरामदी मुचुल्का देखाउदा उक्त मुचुल्कामा गरेको सहिछाप मेरो हो देखाउँदा देखि पाए, हेरी सनाखत गरी दिए। मुचुल्कामा उल्लेख भए अनुसारको खैरो

रंगको कटनको पाईन्ट र कालो खैरे छिर्के रंगको भित्रि बस्त्र म आफुले लगाएर आएको हो। म भिजिट भिसामा दुबई गएर ४ दिन बसेर फर्किएको समयमा प्रहरीले सुन पेष्ट गरेको कपडा लगाएर आएको भनी पक्राउ गरेको हो। मलाई सिन्धुपाल्चोक नै घर भनी बताउने दावा शेर्पाले नै भिजिट भिसामा दुबई पठाएका हुन। म दुबई पुगिसकेपछी एउटा रुममा मोबाईल चलाउँदै बसेर ३ दिन कटाए र चौथो दिन एक भारतीय एजेन्ट आएर तिम्रो भिषा नलाग्ने भयो यो कपडा लगाएर नेपाल फर्क भनी नेपालको टिकट दिए। निजले दिएको कपडामा खैरो रंगको कटनको पाईन्ट र कालो खैरो छिर्के रंगको भित्री वस्त्र लगाउँदा तौल बढी जस्तो लागेर सोध्दा केही होईन यो नयाँ खालको कपडा हो भनेको थियो। नेपाल आएपश्चात उक्त कपडामा सुन रहेको कुरा मलाई जानकारी भएको थियो। दावा शेर्पालाई मैले पासपोर्ट लिने समयमा मात्र चिनेको हुँ। निजको अन्य विवरण मलाई थाहा छैन। दुबईमा सुन लेपन गरेको कपडा लगाएर पठाउने इण्डियनको नाम लगाएतको अन्य विवरण पनि मलाई थाहा छैन। नेपालमा आउने यात्रुले एक सय ग्राम सम्मको सुन ल्याउँदा भन्सारमा घोषणा गरेर लाग्ने महसुल तिरेर मात्र ल्याउन पाउने भन्ने कुराको जानकारी थिएन। मैले यो भन्दा अगाडि यसरी सुन तथा सुनका मालवस्तु ल्याउने कार्य गरेको छैन, पहिलो पटक म विदेशबाट फर्किएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी सोमबहादुर वि.क.ले त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक समक्ष मिति २०७९।०५।२२ मा गरेको बयान।

१०. म धनबहादुर वि.क.लाई मिति २०७९।४।२९ गते विदेशबाट आएको मानिसलाई रिसिभ गर्न जाने क्रममा नेपाल प्रहरीले सुन संकलन गर्न गएको भनी पक्राउ गरेको हो। म बोलेरो गाडी चलाउने काम गर्दथे र सो क्रममा दावा शेर्पा मेरो गाडिमा कहिलेकाँही चढ्ने गर्नुहुन्थ्यो र चिनजान भएको हो र म सँग नै पक्राउ परेका अर्का प्रतिवादी सोम बहादुर वि.क.सँग मैले बोलेरो गाडि किनेर चलाउन शुरू गरेपछि मात्र चिनेको हो। निज प्रतिवादी र मेरो घर भोटेकोशी नदी वारी पारी जस्तो पर्छ। कुनै चाडपर्व, मर्दा पर्दा हामी बीचमा जाने आउने चलिरहन्थ्यो। निज दावा शेर्पाको घर पनि सिन्धुपाल्चोक नै हो भन्नुभएको थियो तर कुन ठाउँ भन्ने मलाई थाहा छैन। निज दावासँग मेरो फेसबुक म्यासेन्जरमा कुराकानी हुन्थ्यो तर सम्पर्क नम्बर मलाई थाहा छैन। मिति २०७९।०४।२९ गतेको दिन सिन्धुपाल्चोक घर बताउने दावा शेर्पाले मेरो एकजना मानिसले सामान लिएर आउँदै छ उ आएको प्लेन ल्याण्ड हुन लाग्यो तिमि एयरपोर्ट जाउ भनेर पठाउनु भएको थियो सोही बमोजिम म एयरपोर्ट गएको थिएँ। मलाई सामान लिएर आउने मानिसको नम्बर ९८६२१९६५२३ हो भन्नुभएको थियो तर नाम भन्नुभएको

थिएन। सामान के हो भन्दा निज दावा दाईले ट्रायलको लागि थोरै सुन लिएर आउँदै छ तर के कति परिमाणमा ल्याउँदै छ को मान्छेले ल्याउँदै छ भनेर जानकारीमा थिएन। म एयरपोर्टको यात्रु आगमन तर्फ रहेको ट्याक्सी पार्किङ एरियामा निजलाई पर्खेर बसिरहेको समयमा दावा शेर्पाले म्यासेन्जरमा फोन गरी निज मानिसलाई फोन गर भन्नुभयो र फोन गर्दा निज मानिसको आत्तिएको आवाज सुनेर फेरी दावा शेर्पालाई फोन गरी आत्तिएको कुरा बताए र निज दावा शेर्पाले सामान लिएर भाग्ला भन्नुभयो र फेरी निज मानिसलाई फोन गरी सो मानिस भएको ठाउँमा पुग्दा त्यही ठाउँबाट प्रहरीले सुन संकलन गर्न आएको भनी पक्राउ गरेको हो। निज मानिसले सुन ल्याउँदै छ भन्ने थाहा थियो तर निजले लगाएकै कपडामा सुन लेपन गरीएको भन्ने बारे थाहा थिएन भन्ने समेत व्यहोराको प्रतिवादी धनबहादुर वि.क.ले त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक समक्ष मिति २०७९।०५।२२ मा गरेको बयान।

११. निवेदकहरु प्रतिवादी सोम बहादुर वि.क. र प्रतिवादी धन बहादुर वि.क.ले हामी निवेदकहरुलाई विगो र हुन सक्ने कैद समेतका सम्पुर्ण कुराको हिसाब गरी हुने रकम रु.३५,३४,७३०।—(पैतिस लाख चौतिस हजार सात सय तिस) भएकोमा उक्त रकमलाई विगो कायम गरी दुवैलाई जनही सोही रकम बराबर धरौटी माग गर्ने गरी भएको आदेश भन्सार ऐन २०६४ को दफा ५७ (१ग) समेत प्रतिकुल मनोगत भई वेरितपुर्ण भएकोले उक्त आदेश वदर गरी हामी निवेदकलाई साधारण तारेख वा सामान्य धरौटीलाई मुद्दा पुर्पक्ष गर्न पाउने गरी आदेश गरी न्याय इन्साफ पाउँ भनी मिति २०७९।०६।०७ गते श्री राजस्व न्यायाधिकरण काठमाण्डौ मुकाम ललितपुरमा दायर गरेको संयुक्त निवेदन पत्र।

१२. प्रतिवादीहरुबाट जनही रु. ३५,३४,७३०।- (अक्षेरुपी पैंतिस लाख चौतिस हजार सात सय तीस रुपैया) नगद धरौटी माग गर्ने गरी अनुसन्धान अधिकृतबाट मिति २०७९।०५।१६ मा आदेश भएको र अनुसन्धान अधिकृतबाट माग भएको धरौटी नै कायम गर्ने गरी तहाँ कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०५।२२ मा आदेश भएको देखिँदा भन्सार ऐन २०६४ को दफा ६०ख. र दफा ४१ को रोहमा उक्त मिति २०७९।०५।२२ को आदेश रित पुर्वकको देखिँदा परिवर्तन गरिरहनु परेन भन्ने समेत व्यहोराको मिति २०७९।०७।१७ को यस राजस्व न्यायाधिकरण काठमाण्डौबाट भएको आदेश।

१३. प्रतिवादीहरु सोम बहादुर वि.क. र धन बहादुर वि.क.लाई भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) को देहाय (ख) अनुसार ३/३ महिना कैद सजाय ठहर भएकोमा प्रतिवादीहरु मुद्दाको पुर्पक्षको क्रममा पक्राउ परेको मिति २०७९।०४।२९ गतेदेखि हालसम्म थुनामा रहेको देखिएको हुँदा निजहरुको कैद सजाय भुक्तान भइसकेको र निजहरुलाई भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) अनुसार भएको जनही जरिवाना रु. ३५,०७,५३०।-(अक्षरुपी पैतिस लाख सात हजार पाँच सय तीस मात्र) को सम्बन्धमा तोकिएको कैद सजाय भुक्तान भई थुनामा रहेको बाँकी अवधी सत्र दिनको प्रतिदिन रु.३००।—को दरले हुन आउने जम्मा रकम जनही रु.५,१००।—(पाँच हजार एक सय मात्र) निजहरुले तिर्नुपर्ने जरिवाना रकममा कट्टा गरी बाँकी हुन आउने जनही रकम रु. ३५,०२,४३०।-(अक्षरुपी पैतिस लाख दुई हजार चार सय तीस मात्र) दाखिला गरेमा दाखिला गरेकै दिनबाट कैद मुक्त गरिदिनु र जरिवाना दाखिला नगरेमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १६४ बमोजिम निज प्रतिवादीहरुलाई मिति २०८६।०७।१२ गते सम्म कैदमा राख्ने गरी कैदी पुर्जी जारी गर्नु र निजहरुलाई ठहर भएको जरिवाना वापतको रकमको चार प्रतिशतले हुन आउन रकम क्षतिपुर्ति शुल्क स्वरुप पिडित राहत कोषमा दाखिला गर्नु भन्ने समेत व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०८।१६ मा भएको निर्णय।

१४. हामी पुनरावेदकद्वय नेपालका नागरिक हौं। हामीलाई जुन सुनचोरी पैठारीको कसुर गरेको आरोप गरिएको छ त्यो घटनामा कपडामा सुन लेपन गराई सो सुन लेपित कपडा पुनरावेदक सोम बहादुरलाई लगाउन लगाई नेपाल झिकाउने दावा शेर्पा र पठाउने निजकै भारतीय एजेन्ट खास कसुरदार हुन्। विपक्षी नेपाल सरकारका अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा हामीले निज दावा शेर्पाको बारेमा निजको वतन सिन्धुपाल्चोक हो भनी जानेसम्मको हुलिया र निजको फोन नम्बर समेत खुलाएका छौं। सो कपडा सुनलेपित हो र ल्याउन प्रतिबन्धित छ भन्ने कुराको जानकारी नभएको अवस्थामा निजले लाए अह्राए बमोजिम गरेको कार्यमा हामीलाई अभियोजन गर्दा कम्तीमा निजलाई नै मुख्य कसुरदारका रुपमा पक्राउ गरी अनुसन्धान गरी मुद्दा चलाउनुपर्नेमा निजको खोजि नै नगरी निजकै मिलेमतोमा हामीलाई मात्र विपक्षीबाट अभियोजन गर्ने कार्य र सो अभियोजनको अनुमोदन गर्ने कार्यबाट हाम्रो संविधानको धारा १८ द्वारा संरक्षित मौलिक हक अपहरण गरिएको पाइयो। पुनरावेदक सोम बहादुरले कपडा लगाइको कुरा सत्य हो तर सो कपडामा सुन लेपन गरिएको कुराबारे म सोम बहादुरलाई थाहा नदिएको र कसुरदार हुनुपर्ने दावा शेर्पा र भारतीय एजेन्टले म सोमबहादुरलाई निषेधित बस्तुको पैठारी गर्न भरिया बनाइएको

अनजानमा बाध्य पारिएको कुरा मैले पक्राउ परेपछि र कपडाको सुन गालेर छुट्याएपछि मात्र थाहा पाएको हुँ र सो क्रियाकलापमा अपराध क्रिया हुँदै छ भन्ने थाहा जानकारी नभएको र मेरो आफ्नो नियतबाट गरेकै होइन। म धनबहादुर वि.क.ले पनि सो सुन जडित कपडा छ र त्यो लिन भनेर विमानस्थल गएकै होइन। म त दावा शेर्पाले सोम बहादुरलाई निजले भनेका ठाउँमा लाने गरी सोम बहादुरलाई लिन गएको हुँ। यसमा दावा शेर्पासमेत विरुद्ध अभियोजन हुँदा विपक्षीले हामीलाई सरकारी साक्षीको रुपमा प्रस्तुत गर्नुपर्नेमा सो नगरी नियतपूर्वक अनजान माध्यम (इनोसेन्ट एजेन्ट)लाई दुरुपयोग गरी कसुर गर्ने दावा शेर्पा र निजका भारतीय एजेन्टलाई कारबाही र सजाय हुने गरी न्यायिक पुर्पक्ष तथा इन्साफ गरी सुरु निर्णय उल्टी गरी अभियोगदावी नपुग्ने ठहर गरी सफाइ गरिपाउँ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादीहरुको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७९।१०।०५ मा दर्ता भएको संयुक्त पुनरावेदन पत्र।

१५. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।११।०५ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१६. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरुका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रविन्द्र भट्टराईले प्रतिवादीहरु सोम बहादुर वि.क. र धन बहादुर वि.क. प्रस्तुत कसुरमा फसाइएका इनोसेन्ट एजेन्ट मात्र हुन, निज प्रतिवादी सोम बहादुर वि.क.लाई आफुले लगाएको कपडा सुन लेपित छ भन्ने थाहा नभएको र प्रतिवादी धन बहादुर वि.क.लाई आफु त्रिभुवन विमानस्थलमा सोम बहादुरले लगाएको सुनको कपडा सहित सोम बहादुरलाई रिसिभ गर्न गएको भन्नेबारे जानकारी थिएन। उक्त कार्यका प्रमुख कसुरदार मान्नुपर्ने व्यक्ति उक्त कार्य गर्न अह्राउने दावा शेर्पा र भारतीय एजेन्ट रहेका छन् र यसमा प्रतिवादीहरुलाई थाहा जानकारी नदिई उक्त कार्यमा सामेल गराइएको छ र दावा शेर्पा र भारतीय एजेन्टको केही खोज खबर नगरी मेरा पक्षहरुलाई दुरासयपुर्ण नियत राखी पुरस्कार पाउने उद्देश्यले मात्र शुरु त्रिभुवन बिमानस्थल भन्सार कार्यालयबाट गरिएको जरीवाना र कैद सजाय मिलेको नदेखिंदा बदर गरी प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने गरी फैसला गरी पाउँ भनी बहस गर्नुभयो।

१७. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले प्रतिवादी सोम बहादुर वि.क.ले दुबईबाट आउँदा सुनले लेपित कपडा लगाई आएको र निज प्रतिवादी सोम बहादुरलाई रिसिभ गर्न अर्का प्रतिवादी धन बहादुर वि.क. आएको र उक्त कपडा पगाल्दा सुन बरामद भएको तथ्य बरामदी मुचुल्कामा निज प्रतिवादीहरुले सहीछाप गरेको एवं मुद्दा हेर्ने अधिकारी समक्ष गरेको बयानमा आफ्नो साथबाट सुन बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले प्रतिवादीहरुलाई जरीवाना र कैद सजाय हुने गरी गरेको फैसला कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१८. पुनरावेदक प्रतिवादीहरुको तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा,यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१९. सर्वप्रथम, प्रतिबादी मध्येका सोम बहादुर वि.क.को हकमा हेर्दा निजलाई मिति २०७९।०४।२९ गते दुबईबाट नेपाल आउदा निजको गतिविधि शंकास्पद देखिएकोले त्रिभुवन विमानस्थल भन्सार कार्यालयले विमानस्थलको आगमन टनेल गेटबाट नियन्त्रणमा लाई चेकजाँच गर्दा निजले लगाई आएको खैरो रङको कटनको पाईन्ट र कालो खैरो छिर्के भित्री वस्त्रको तौल अन्दाजी १००० ग्राम अस्वभाविक देखिएको हुँदा शंका लागि एक्सरे मेसिनमा स्क्यानिङ गर्दा अन्य कपडाको भन्दा फरक किसिमको आकृति देखिएकोले उक्त कपडा बरामद गरिएको भन्ने व्यहोराको अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले मिति २०७९।०४।२९ को मिसिल संलग्न बरामदी/खानतलासी मुचुल्काबाट देखिन्छ। उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा खैरो रंगको कटनको पाईन्ट र कालो खैरो छिर्के रंगको भित्री बस्त्र आफुले लगाएर आएको स्वीकार गर्दै उक्त सामान दुवईमा एक जना इन्डियनले यो कपडा लगेर दावा लाई दिनु निजले खर्च पानी दिन्छ भनेको थियो। सोही बमोजिम मैले लिएर आएको हो भनी बयान गरेको देखियो। विदेशबाट नेपालमा सुन आयात सम्बन्धमा बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०६७।०८।१५ को सूचनाले नेपाल राष्ट्र बैंकले तोकेको प्रक्रिया र परिमाण अनुरुप बाणिज्य बैंकहरुले मात्र आयात गर्न पाउने भन्ने ब्यवस्था गरेको छ। मिति २०७७।०२।१५ देखि लागु भएको यात्रुले साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगको मालबस्तु सम्बन्धी आदेशको दफा १ को उपदफा (८)(ज) मा

बिदेशबाट आउने यात्रुले १०० ग्रामसम्म सुन तोकिएको महशुल तिरेर ल्याउन पाउने ब्यवस्था गरेको भएतापनि प्रतिवादी सोम बहादुरबाट बरामद भएको सुन भन्सारमा घोषणा गरेको देखिदैन। माथि उल्लिखित आदेशको दफा ७ मा कुनै पनि यात्रुले भन्सारमा घोषणा नगरी कुनै मालसामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकुल हुने गरी कुनै सामान ल्याउन वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानुन बमोजिम कारबाही गरिने छ भन्ने ब्यवस्था रहेको देखिन्छ। प्रतिबादी सोम बहादुर वि.क.ले आफ्नो साथमा रहेको सुन भन्सार कार्यालयमा घोषणा गरेको मिसिल संलग्न प्रमाण बाट देखिदैन।

२०. भन्सार ऐन, २०६४ को दफा २(च) मा *"भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनु पर्छ"* भनी परिभाषित गरेको देखिन्छ। साथै, सोही ऐनको दफा १८(१) मा *"मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने"* भन्ने ब्यवस्था रहेकोमा प्रतिबादी सोम बहादुर वि.क.ले ल्याएको बरामदीत सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको पाइदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा *"कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ।"* भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। प्रतिबादीले लगाएको कपडामा नै सुन लेपन गरिएको अवस्थामा बरामद भएको र निजले सो कुरा स्वीकार गरेको र बरामद भएको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा अनुसन्धान अधिकृतले माग गर्दा पेश गर्न सकेको समेत देखिदैन। यसरी अपरिचित व्यक्तिले दिएको, अस्वाभाविक तौल भएको पाइन्ट र भित्रि वस्त्र पैसा पाउने आश्वासन र लोभमा परी वस्त्र लुकाइ छिपाई भन्सारमा घोषणा नगरी नेपालमा ल्याउने कार्य यी प्रतिवादी सोम बहादुर वि.क.ले गरेको प्रमाणबाट पुष्टी भएको देखिँदा निजलाई आरोपित कसुरमा कसुरदार ठहर गरि सजाय गर्ने गरेको शुरु निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन।

२१. अब अर्का प्रतिवादी धन बहादुर वि.क.को हकमा हेर्दा, निज मिति २०७९।०४।२९ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट पक्राउ परेका र सहप्रतिवादी सोम बहादुर वि.क.ले बरामद भएको कपडा लिनको लागि धन बहादुर वि.क. नाम गरेको व्यक्ति आउने भनी वारदातस्थलमा नै खुलाए बमोजिम नै सोधपुछ गर्दा यी प्रतिवादी धन बहादुर वि.क.ले उक्त सुन सहितको कपडा लैजानको लागि म आएको भनी प्र.ना.म.नि. श्याम

लाल ज्ञवाली सहितका प्रतिवेदकहरु समक्ष खुलाएको मिसिल संलग्न मिति २०७९।०४।१९ को प्रतिवेदन व्यहोराबाट देखियो। निजले मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०७९।०५।२२ मा बयान गर्दा दावा शेर्पा नामको दाईले सामान लिएर मेरो एकजना मान्छे आउछ रिसिभ गर्न जानु भनेको र निजको फोन नम्बर ९८६५१९८२२३ भएको जानकारी दिएको, ट्रायलको लागि थोरै सुन लिएर आउदैछ भन्नु भएको थियो त्यसैले सोम बहादुर वि.क.लाई रिसिभ गर्न एयरपोर्ट गएको भनी स्वीकार गरेको देखिन्छ। यी प्रतिवादी धन बहादुर वि.क.ले सोम बहादुर वि.क.लाई फोन गरी फोनमा बोल्दै निजले भने अनुसारको ठाँउमा जाने क्रममा नै सोम बहादुर संग भेट भएको र सोही बखत प्रहरीबाट यी प्रतिवादी पक्राउ परेको तथ्यमा विवाद देखिएन। यसरी सुन चोरी पैठारीको कार्यमा योजनाबद्व रुपमा संलग्न दावा शेर्पा भन्ने व्यक्तिले भने बमोजिम नै यी प्रतिवादी धन बहादुर वि.क.ले सहप्रतिवादी सोम बहादुर वि.क.बाट भइरहेको लुकाई छिपाई सुन चोरी पैठारी गर्ने कार्यलाई सहजिकरण गर्न एयरपोर्ट गएको र ट्रायलको लागि सुन लिएर आउने व्यक्ति सोम बहादुर वि.क.लाई रिसिभ गर्दा गर्दैको अवस्थामा पक्राउ परेको देखियो। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा कुनै मालवस्तु चोरी पैठारी गर्ने वा सोको प्रयत्न गर्ने कार्य लाई समेत कसुर कायम गरेको तथा सोही ऐनको दफा ५७ को उपदफा (३) मा उपदफा (१) बमोजिमको कसुर गर्न मद्दत गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई समेत भन्सार अधिकृत वा जिल्ला अदालतले कसुरदारलाई सरह सजाय गर्न सक्ने कानुनी व्यवस्था रहे भएको स्थितिमा सुन चोरी पैठारीको कार्यमा जानी जानी संलग्न भएको देखिंदा यी प्रतिवादी धन बहादुर वि.क.लाई आरोपित कसुरमा कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको शुरु फैसला कानुन सम्मत नै रहेको देखियो।

२२. जहाँसम्म सुन चोरी पैठारीको कसुरमा मुख्य कसुरदारको रुपमा रहेका दावा शेर्पा भन्ने मानिस र इन्डियन भन्ने मानिस उपर कुनै अनुसन्धान नगरी अन्जान माध्यम (इनोसेन्ट एजेन्ट) को रुपमा रहेका प्रतिवादीहरु सोम बहादुर वि.क. र धन बहादुर वि.क.लाई सजाय गरेको सुरु फैसला त्रुटिपूर्ण रहेको भनि पुनरावेदन पत्रमा र पुनरावेदकको तर्फबाट बहस गर्नुहुने विद्वान अधिवक्ताले गर्नुभएको तर्क छ सो सम्बन्धमा हेर्दा, बरामद सुन पठाएको भनिएका इन्डियन भन्ने व्यक्ति र रिसिभ गर्न पठाउने दावा शेर्पा भन्ने व्यक्तिलाई राम्रोसंग चिन्ने व्यक्तिहरु यिनै प्रतिवादीहरु भए पनि निजहरुको हुलिया र एकिन नाम थर र ठेगाना सहितको विस्तृत विवरण अनुसन्धानको क्रममा खुलाई दिएको देखिन आउदैन। निजहरुको हकमा थप अनुसन्धान गर्न भनि जिल्ला न्यायाधिवक्ताले मिति २०७९।०५।१९ मा च.न.३२६ को पत्रसाथ फाइल अनुसन्धान अधिकृत समक्ष फिर्ता

पठाएकोमा थप एकिन विवरण खुल्न आएमा सोही बखत थप दाबी सहित अभियोजन गर्ने भनी अनुसन्धान अधिकृतले मिति २०७९।०५।२० च.न.२१३ को पत्र जिल्ला सरकारी वकील कार्यालयलाई पठाएको मिसिलबाट देखियो। यसबाट कसुरजन्य कार्यमा संलग्न सबै व्यक्तिको हकमा अनुसन्धान नभएको भनि लिएको जिकिर तथ्यमा आधारित देखिएन भने प्रतिवादी हरु मध्येका सोम बहादुर वि.क.ले जानी जानी अपरीचित भनिएका व्यक्तिले दिएको शंकास्पद मालवस्तु भन्सार कार्यालयमा घोषणा नगरी नेपाल ल्याएको र अर्का प्रतिवादी धन बहादुर वि.क.ले ट्रायलको लागि सुन आउदैछ भन्ने कुराको दावा शेर्पाबाट पूर्व जानकारी हुदां हुदै त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई रिसिभ गर्न एयरपोर्ट पुगेको र सहप्रतिवादी सोम बहादुर वि.क.लाई फोन गर्दा गर्दैको अवस्थामा वारदातस्थल बाटै पक्राउ परेको तथा दावा शेर्पालाई पक्राउ गर्न कुनै सहयोग गरेको नदेखिंदा निजहरु दुवैजना भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिमको कसुरजन्य कार्यमा संलग्न रहेको नै देखिंदा निजहरुलाई इनोसेन्ट एजेन्ट मात्र रहेछन भनि मान्न मिल्ने अवस्था एकातर्फ देखिदैन भने अर्कोतर्फ भन्सार ऐन, २०६४ को दफा ५७ मा इनोसेन्ट एजेन्टलाई चोरी पैठारीको कार्य गरे पनि कसुरबाट उन्मुक्ति हुने कानूनी व्यवस्था रहेको पनि देखिँदैन। त्यसैले प्रतिवादीहरुले लिएको उक्त पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

२३. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट प्रतिवादीहरु सोम बहादुर वि.क. र धन बहादुर वि.क.लाई भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को कसूरमा सोही दफाको उपदफा (१ग) बमोजिम जनही तीन महिना कैद र बरामद सुन जफत गरी उक्त सुनको विगो रु.३५,०७,५३०।—(पैतीस लाख सात हजार पाँचसय तीस मात्र) बमोजिम जनही जरिवाना हुने ठहऱ्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०८।१६ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा सहमत छु।

वासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइप ना.सुः श्री मनिषा अधिकारी
इतिसम्बत २०७९ साल फागुन १८ गते रोज ५ शुभम..............................
फैसला प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाण्डौको छाप